# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं मंसीर २९ गते २०४९ साल (संख्या ३५


## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

आयकर ऐन, २०३१ को दफा ४९ को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उद्योग, व्यापार, पेशा तथा व्यवसायको आय हुने करदाताले राख्नु पर्ने लेखाको तरिका तथा भाषा देहायबमोजिम तोकेको छ ।

(१) नगद कारोबारको यथार्थ चित्रण हुने गरी राखिएको बैंक वा नगद हिसाब ।

(२) दैनिक मौज्दात हिसाब र सो राख्न असमर्थ हुनेको हकमा कमसेकम वर्षको एक पटक भौतिक जाँच (Physical Inventory) गरी सो जाँचको आधारमा तयार गरेको अन्तिम मौज्दातको विवरण । लागत मूल्य वा बजार मूल्य जुन घटी हुन्छ सो आधारमा मौज्दातको मुल्यांकन भएको हुनु पर्नेछ र कर विभागको पूर्व स्वीकृति विना मुल्यांकनको आधार बदल्न पाइने छैन ।

(३) करदाताले अपनाएको लेखा प्रणाली, (Accounting System) लेखा सिद्धान्त (Accounting Principle) तथा प्रमुख लेखा नीतिहरू (Accounting Policies) उल्लेख गरी लेखासित सम्बन्धित सम्पूर्ण मूल तथा सहायक खाता बहिको सूची आय विवरण साथै पेश गर्नु पर्नेछ ।

(४) प्रचलित नेपाल कानून बमोजिम कुनै फर्म, कम्पनी वा संस्थाले राख्न पर्ने गरी तोकिएको लेखाको ढाँचा वा तरिकामा कुनै थप कुरा भएमा त्यस्तो थप कुराहरू समेत यसै सूचनाको अंग मानिनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) नेपाली वा अंग्रेजी मध्ये कुनै एउटा भाषामा लेखा राखिएको हुनु पर्नेछ ।

(६) करदाताले वासलात, नाफा नोक्सान हिसाब एवं नाफा नोक्सान बाँडफाँड हिसाब तयार गर्नु पनछ यस्तो वासलात र नाफा नोक्सान हिसाबमा यथासम्भव देहायका कुराहरू खुलेको हुनु पर्नेछ ।

(क) वासलात

(अ) पूँजी र दायित्व

(१) पूँजी (अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी अलग अलग देखिने गरी)
(२) जगेडा कोष र अरू जगेडाहरू
(३) सुरक्षित ऋण
(४) असुरक्षित ऋण
(५) चालु दायित्व तथा अन्य दायित्वहरू
(६) मुनाफा

(क) अघिल्लो वर्षहरूबाट सारिएको मुनाफा
(ख) वर्ष भरीमा भएको मुनाफा

(आ) सम्पत्ति तथा जायजेथा

(१) अचल जायजेथा:-

(क) घर जग्गा
(ख) प्लाण्ट, मेशिन र अरू यस्तै किसिमका मालसामानहरू
(ग) फर्निचर तथा फिक्चर्स
(घ) सवारी साधनहरू
(ङ) पेटेण्ट, ट्रेडमार्क, डिजाइन आदि
(च) ख्याति
(छ) प्रारम्भिक खर्च
(ज) लगानी

(२) चल जायजेथा :-

(क) स्टकमा रहेका मालहरू, उत्पादन हुनका लागि रहेका मालसामान-हरू, कच्चा मालहरूको मौज्दात
(ख) सेक्यूरीटीहरू
(ग) पेश्कीहरू
(घ) विविध आसामी
(ङ) नगद तथा बैङ्क मौज्दात



702

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) नोक्सानी :–

(क) अघिल्लो वर्षहरूबाट सरी आएको नोक्सानी

(ख) यस वर्षको नोक्सानी

(ख) आय र व्यय देखिने गरी तयार गरेको नाफा नोक्सानी हिसाब:–

(१) जम्मा बिक्री वा प्राप्त रकम

(२) उत्पादन लागत वा खरिद, शुरू र अन्तिम मौज्दात

(३) ह्रास कट्टी

(४) व्याज खर्च

(५) कर्मचारीहरू र मजदूरहरूको तलब, भत्ता, ज्याला तथा बोनस

(६) बहाल

(७) भवन मर्मत

(८) मेशिनरी मर्मत

(९) भ्रमण खर्च

(१०) कर तथा दस्तूर

(११) असूल नहुने आसामी

(१२) भाडा भरौट

(१३) इन्धन तथा शक्ति

(१४) विज्ञापन खर्च

(१५) अतिथि सत्कार खर्च

(१६) विविध खर्च

(७) माथि दफा-दफामा उल्लेख भएका कुराहरूको अतिरिक्त उत्पादनशिल, खानी-जन्य र प्रोसेसिंग प्रतिष्ठानहरूले देहायका विवरण समेत खुलाउने गरी लेखा राख्नु पर्नेछ ।

(क) कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थको शुरू मौज्दात, खरीद, खपत तथा बाँकी मौज्दातको परिमाण र मूल्य देखिने गरी तयार गरिएको उत्पादन हिसाब ।

(ख) उत्पादित सामानहरू टुटफुट वा हानी नोक्सानी भएमा नोक्सानीको मुल्याङ्कन सहितको विवरण ।

(ग) उत्पादनको सिलसिलामा प्राप्त भएका सहायक उत्पादन (वाई प्रोडक्टको) परिमाण ।



५०३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) उत्पादित सामानको शुरू मौज्दात, उत्पादन, बिक्री र बाँकी मौज्दातको परिमाण।

(ङ) उत्पादन क्षमता सम्बन्धी विवरणहरू:–

(१) सम्बन्धित निकायबाट स्वीकृत भएको उत्पादन क्षमता।

(२) उद्योगमा जडान भएको उत्पादन क्षमता।

(च) एकभन्दा बढी किसिम वा प्रकृतिका सामानहरू उत्पादन गर्ने भएमा उपर्युक्त विवरणमा प्रत्येक किसिम वा प्रकृतिका सामानहरू बेग्लाबेग्लै देखिने गरी खुलाउन पर्नेछ।

(८) लेखामा जनिएका खरीद बिक्रीसम्बन्धी कारोबार तथा आय-व्यय आदिलाई पुष्टि गर्ने कागजातहरूसमेत संलग्न राख्नु पर्नेछ।

(९) भाग ३ खण्ड २७ मिति २०३४।५।२० को नेपाल राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ।

आज्ञाले,
ठाकुरनाथ पन्त
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा २१ (१) ले दिएको अधिकार प्रयोग गरी यस मन्त्रालयका सह-सचिव श्री श्रीकान्त रेग्मीलाई मुख्य औषध नियन्त्रण अधिकारी तोकेको छ।

खण्ड ४१ अतिरिक्ताङ्क ३९ (ग) मिति २०४८।६।१८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ।

आज्ञाले,
भोजराज पोखरेल
श्री ५ को सरकारको का.मु. सचिव



५०४

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले खण्ड ४१, अतिरिक्ताङ्क ३५ (ग) मिति २०४८।५।२८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित चुलाचुली क्षेत्रको अव्यवस्थित बसोवासलाई व्यवस्थित गर्न गठित आयोगको कार्यावधि ६ महीना तोकिएकोमा सो कार्यावधि समाप्त भएको मितिले पुनः २०४९ साल जेष्ठ मसान्तसम्म म्याद थप गरिएकोमा श्री ५ को सरकारले सोही आयोगबाट २०४९ मार्ग महीनादेखि पुनः कार्य प्रारम्भ गर्ने गरी २०४९ मार्गदेखि २०४९ चैत्र मसान्तसम्म म्याद कायम गरी उक्त आयोगलाई देहायका थप काम, कर्तव्य र अधिकार सुम्पिएको छ।

१. चुलाचुली क्षेत्रको बुकुवा खोला पूर्व, कमल पश्चिम, चुरे दक्षिण र रतुवा माई वृक्षारोपण क्षेत्रको उत्तरको रतुवा खोला र बुकुवा खोलाको बीचमा रहेको वस्ती हटाई वृक्षारोपणको निम्ति सम्बन्धित वन कार्यालयलाई खाली रहेको जग्गा उपलब्ध गराउने सन्दर्भमा बाँझो गा.वि.स. वडा नं. २ को आंवझोला भन्ने ठाउँमा रहेको अतिक्रमण र अव्यवस्थित बसोवासलाई व्यवस्थित गर्ने कार्य गर्ने।
२. चुलाचुली क्षेत्रमा विभिन्न प्रकारले अव्यवस्थित रूपमा बसोवास गरी आएका परिवारहरूलाई उल्लेखित क्षेत्रभित्र व्यवस्थित गर्ने।
३. घरसारको जग्गाको सुक्री-बिक्री र बेजिल्लाबाट रजिष्ट्रेशन पारित भएका लिखितहरुको सनाखत गर्न इन्कार गरी वा सनाखत हुन नसकी सृजना भएका समस्या बारे नियमानुसार वास्तविकताको आधारमा समाधान गर्ने।

आज्ञाले,
दीपेन्द्रपुरुष ढकाल
श्री ५ को सरकारको का.मु. सचिव

नेपाल अधिराज्यका

## महालेखा परीक्षकको विभागको सूचना

लेखापरीक्षक सम्बन्धी ऐन, २०३१ को दफा २ को खण्ड (क१) ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकले सोही खण्डको प्रयोजनको लागि नगरपालिकामा गरेको कामलाई पनि तोकेको छ।

आज्ञाले,
कृष्णप्रसाद न्यौपाने
निर्देशक

५०५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।